# स्थानीय राजपत्र

सूर्यगढी गाउँपालिका, चोकदे, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ११ | संख्या ५ | मितिः २०८३/०३/०४ |
|---|---|---|

## भाग २

## सूर्यगढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०३/०३

सम्वत् २०८३ सालको कार्यविधि संख्या ५

सूर्यगढी गाउँपालिका

## खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव सद्भाव कायम राखी युवाहरूलाई धुम्रपान, मद्यपान, लागुपदार्थ सेवनको कुलतबाट जोगाई सु—संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मूर्त रूप दिन बाञ्छनीय भएकोले यस गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकास र विस्तार गर्न यो कार्यविधि बनाइएको छ।

### परिच्छेद - १

### नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : १)यो कार्यविधिको नाम "सूर्यगढी गाउँपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कार्यविधि" भन्नाले "सूर्यगढी गाउँपालिका, खेलकुद सम्बन्धी कार्यविधि २०८३" भन्ने सम्झनुपर्छ।

ख) “गाउँपालिका” भन्नाले सूर्यगढी गाउँपालिका सम्झनु पर्छ।

ग) "गाउँ खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ।

घ) "टिम, क्लब, संघ, संस्था" भन्नाले सूर्यगढी गाउँपालिकामा तोकिए बमोजिम विद्यालय विद्यार्थी दर्ता भएका सूर्यगढी गाउँपालिका क्षेत्र भित्रका खेलकुद टिम, क्लब र संघसंस्थाहरू भन्ने सम्झनु पर्छ।

ङ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्थामा सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

च) "प्रशिक्षार्थी" भन्नाले सूर्यगढी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ।

छ) "प्रशिक्षक" भन्नाले सूर्यगढी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ।

ज) "प्रशिक्षण समिति" भन्नाले गाउँ खेलकुद समितिअन्तर्गत सूर्यगढी गाउँपालिका क्षेत्रभित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ।

झ) "खेलकुद विकास कोष" भन्नाले सूर्यगढी गाउँपालिका भित्र खेलकुदको विकास तथा विस्तारका लागि स्थापना गरिएको कोषलाई सम्झनु पर्छ।

सूर्यगढी गाउँपालिका

ञ) "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ संस्थाहरूले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष गाउँपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ।

ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप—समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ।

## परिच्छेद - २

## उद्देश्य

३. गाउँपालिका खेलकुद समितिका उद्देश्यहरूः

क) गाउँपालिका भित्र खेलकुदको विकास गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा गाउँपालिकाको प्रतिष्ठा वृद्धि गर्नु,

ख) गाउँपालिका भित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेलकुदको विकास गर्न सहयोग गर्नु,

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्नु,

घ) स्थानिय टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्नु,

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरूलाई नागरिकको कर्तब्य प्रति सचेत गराउनु,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्नु,

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरू विच समन्वय र सहकार्य गर्नु ,

ज) खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजानु,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरूलाई समेत शारीरिक व्यायाम तथा खेलकुदको माध्यमबाट स्वस्थ नागरिक बन्न सहयोग पुऱ्याउनु,

ञ) सूर्यगढी गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा यस गाउँपालिका साथै देशको प्रतिष्ठा बढाउन सहयोग पुऱ्याउनु,

ट) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्नु,

ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरूमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्नु,

ड) गाउँ खेलकुद समितिअन्तर्गत प्रशिक्षक/प्रशिक्षणलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने तथा छोटो अवधिको खेलकुद तालिमको आयोजना गर्नु।

## परिच्छेद - ३

## गाउँ खेलकुद समितिको गठन र बैठक

४. गाउँपालिकाले देहाय बमोजिमका पदाधिकारी रहने गरी एक गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछः

क) गाउँ कार्यपालिकाद्वारा मनोनित युवा तथा खेलकुद विकास समितिको संयोजक - अध्यक्ष

ख) गाउँ सभा सदस्यहरू मध्येबाट कार्यपालिकाद्वारा मनोनित कम्तीमा १ जना महिला रहने गरी २ जना - सदस्य

ग) खेलशिक्षक/प्रशिक्षकहरू मध्येबाट कम्तीमा एक जना महिलासहित (गाउँ पालिका अध्यक्षबाट मनोनित) २ जना - सदस्य

घ) गा.पा.का खेलाडीहरू मध्येबाट कम्तीमा एक महिला सहित २ जना (कार्यपालिकाबाट मनोनित) - सदस्य

ङ) खेल संघ प्रतिनिधिहरूमध्येबाट १ जना (कार्यपालिकाबाट मनोनित) - सदस्य

च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

५. गाउँ खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :

क) गाउँपालिका स्तरीय खेलकुद योजना तर्जुमा गर्ने,

ख) गाउँपालिका स्तरीय खेलकुद ऐन नियम कार्यविधिको मस्यौदा तर्जुमा गर्ने,

ग) गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन व्यवस्थापन गर्ने,

घ) गाउँपालिका बाट विनियोजित वार्षिक बजेटबाट खेलकुद प्रशिक्षण सञ्चालन गर्ने,

ङ) गाउँपालिका भित्र खेलकुद पूर्वाधार निर्माणका लागि आवश्यक कार्यहरू सञ्चालन गर्ने,

च) गाउँपालिका भित्र सञ्चालित खेलकुद कार्यक्रमहरूको अनुगमन र निरीक्षण गर्ने / गराउने,

छ) खेलकुदको विकास र विस्तारका लागि आवश्यक समन्वय सम्बन्धी कार्यहरू गर्ने,

ज) राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने/ गराउने,

झ) खेलकुद प्रतियोगिताहरूलाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवालाहरूसँग आवश्यक समन्वय गर्ने,

ञ) गाउँपालिकाद्वारा विनियोजित खेलकुद शीर्षकको रकमलाई अधिकतम रूपमा सदुपयोग गर्ने गरी खेलकुद कार्यक्रमहरूसम्बन्धी कार्य गर्ने,

ट) राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् तथा गाउँ खेलकुद परिषद्को नीतिगत निर्देशन पालना गर्ने/गराउने।

६. गाउँ खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ र गाउँ कार्यपालिकाबाट मनोनित हुन सक्नेछ।

७. गाउँ खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

८. अध्यक्षको काम, कर्तव्य र अधिकार

क) गाउँ खेलकुद विकास समिति बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

ख) गाउँ खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरू गर्ने।

ग) समितिले तोकेका अन्य कार्यहरू गर्ने/गराउने।

९. सदस्य सचिवको काम कर्तव्य अधिकारः

क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने,

ख) बैठक माइन्युटिङ उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने,

## परिच्छेद -४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१०. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लबहरूमार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ।

११. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकाभित्रका टिम, क्लबहरूमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ।

१२. सल्लाहकार समितिको गठन - गाउँ खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ।

१३. गाउँपालिकाको आर्थिक दायित्वमा सञ्चालित खेलकुद कार्यक्रमहरू अनुगमन प्रतिवेदन पश्चात मात्र भुक्तानी दिने व्यवस्था गर्ने छ।

१४. खेल प्रतियोगिता सञ्चालन समिति गठन गाउँ खेलकुद विकास समितिले आवश्यकता अनुसार गठन गर्ने छ।

## परिच्छेद -५

## गाउँ क्षेत्रभित्रका टिम, क्लब र संघ संस्थाहरूको दर्ता र व्यवस्थापन

१५. सूर्यगढी गाउँपालिका भित्रका टिम, क्लब, समिति र संस्था आदिले गाउँ खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा सम्बन्धित वडाकार्यालयको सिफारिस सहित गाउँपालिकाको नियम अनुसारको शुल्क तिरेर दर्ता/नवीकरण समेत गर्नु पर्नेछ।

१६. दर्ता भएका टिम, क्लबले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि गाउँ खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ।

१७. दर्ता र नवीकरण गर्नुभन्दा पहिले गाउँ खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित खेल संघको निरीक्षण गर्न सक्ने छ।

१८. गाउँ खेलकुद समितिमा दर्ता भएका टिम, क्लब, संघ, संस्थाहरूले गाउँ खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ :

क) गाउँपालिका परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरूको सम्बन्धमा उपयुक्तढंगबाट सहयोग पुऱ्याउन गाउँपालिका समक्ष सिफारिस गरी आर्थिक सहयोग उपलब्ध गराउन छ।

१९. गाउँ खेलकुद समितिअन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिने छ।

२०. गाउँ खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नवीकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र दर्ता, पत्र आदिको ढाँचा निर्धारण गरी लागु गरिने छ।

## परिच्छेद - ६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२१. गाउँपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरूलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

२२. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्न वा गराउन सक्नेछ।

२३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडि वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

२४. सूर्यगढी गाउँपालिका कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, संघ संस्थाको प्रतिनिधिको ऱ्याली वा बैठक बोलाउन सक्नेछ।

## परिच्छेद - ७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२५. अन्तर पालिका लगायत विभिन्न जिल्ला, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा समितिमा आवद्ध टिम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराउन सकिनेछ।

२६. गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टिमको खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नअनुसार सुविधा प्रदान गरिने छ :

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइने छ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन गाउँ खेलकुद विकास समितिले निर्णय गरे अनुसारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने छ।

ग) गाउँपालिकाले निर्णय गरे अनुसार खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुद पोसाकको सुविधा दिनसक्ने छ।

२७. जिल्ला बाहिर भाग लिन जानेको हकमाः-

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि खर्च उपलब्ध गराइने छ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन गाउँ खेलकुद विकास समितिले निर्णय गरे अनुसारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने छ।

ग) प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुद विकास समितिको सिफारिसमा कार्यालयबाट निर्णय भए अनुसारको सुविधा दिन सक्ने छ र प्रोत्साहन स्वरुप पुरुस्कारको समेत व्यबस्था गरिने छ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्ने छ।

## परिच्छेद -८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२८. गाउँ खेलकुद समितिले खेलकुद विकास र खेलाडिको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिइने छ।

२९. प्रशिक्षार्थीहरू प्रशिक्षणमा समावेश हुन गाउँ खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित गाउँ खेलकुद समितिले निर्धारण गरेको फारम बुझाई आवेदन दिनु पर्ने छ।

३०. प्रशिक्षार्थीहरूले फारम बापत शुल्क रु. १०।-, मासिक शुल्क रु. ५०।- बुझाई खेलाडि परिचयपत्र लिनुपर्नेछ र भर्ना शुल्क रु. २००।- लाग्ने छ।

३१. प्रशिक्षणमा सहभागी टिम, क्लब, विद्यालयहरू भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र फारम शुल्क रु. १०।- दर्ता शुल्क रु. ५००।- लाग्ने छ।

३२. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक, एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिने छ। यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँखेलकुद समितिले तोकेबमोजिम सेवा सुविधा उपलब्ध गराइने छ।

३३. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षका लागि हुने छ। समयावधि आवश्यकताअनुसार थपघट गर्न सकिने छ।

३४. प्रशिक्षार्थी खेलाडिको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले खेलकुद विकास समितिमा माग गरी जुटाउनुपर्ने छ।

३५. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी खेलाडीबाट मासिक शुल्क उठाउने, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरूलाई नियमित र अनुशासनमा राख्ने र प्रशिक्षण दिने र प्रगति प्रतिवेदन तयार गरी कार्ययोजना पेश गर्ने जिम्मेवारी हुने छ।

३६. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरूलाई प्रशिक्षण कार्य गर्नु पर्ने छ।

३७. स्थगित गरिएको प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँखेलकुद समितिको निर्णय अनुसारखेल प्रशिक्षण कार्यलाई निरन्तरता दिने छ।

३८. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गर्न सकिने छ।

## परिच्छेद - ९

## गाउँ खेलकुद विकास कोषको व्यवस्था

३९. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि सूर्यगढी गाउँपालिकामा गाउँ खेलकुद विकास कोषको व्यवस्था गरिने छ।

४०. कोषका स्रोतहरू देहाय बमोजिम हुनेछन् :

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार,स्थानीय तह, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद, जिन्सी,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना शुल्क,

घ) गाउँभित्र टिम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शूल्क, फारम शुल्क।

४१. यस कोषको सञ्चालन गाउँ खेलकुद समितिको निर्णय अनुसार हुने छ।

४२. गाउँ खेलकुद समितिको अध्यक्षले बढीमा रु. १०,०००।-सम्म कोषको खर्च गर्न सक्ने छ र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्र्यौट गर्नुपर्ने छ।

## परिच्छेद - १०

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

४३. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्ने छ।

४४. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँ खेलकुद विकास समितिको कोषबाट मर्मत सम्भार गर्ने छ। तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँ पालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्ने छ।

४५. खेलकुद पुर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न गाउँ खेलकुद समितिको निर्णयानुसार माग भइ आएमा गाउँपालिकाले यस्तो पुर्वाधारको निर्माण लागत साझेदारीको आधारमा गर्ने छ।

४६. गाउँ भित्र खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार नीजि क्षेत्र र गैर सरकारी संघ संस्थासँग साझेदारी गर्न सक्ने छ।

४७. गाउँपालिका भित्र निर्माण हुने खेलकुद पूर्वाधार योजना तथा पुर्वाधार शाखाको रेखदेख, निर्देशन नियन्त्रणमा सञ्चालन हुने छ।

४८. संघ, प्रदेश तथा गाउँपालिकाबाट विनियोजित बजेट रकमबाट सञ्चालित खेलकुद प्रतियोगिता तथापूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्नु पूर्व युवा तथा खेलकुद शाखा तथा योजना महाशाखासँग समन्वय तथा सम्झौता गरी सञ्चालन गर्नु पर्ने छ।

## परिच्छेद - ११

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४९. युवा तथा खेलकुद विकास समितिअन्तर्गत गाउँ खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा सञ्चालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरूलाई आवश्यक निर्देशन,सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ। विषयगत खेलप्रशिक्षण समितिसम्बन्धी अन्य व्यवस्थाहरू देहाय बमोजिम हुने छन् :

क) गाउँ खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५सदस्य विषयगत खेलप्रशिक्षण समिति गठन गर्न सकिने छ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्ने छ।

ग) यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्ने छ।

घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्ने छ।

ङ) प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने ग्रेडिङ्ग, प्रतियोगिता, गोष्ठी र कक्षा सञ्चालनमा सहयोग गर्ने छ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य सञ्चालन गरिने छ।

छ) गाउँ खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्नु सञ्चालकको कर्तव्य हुने छ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ।

झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आश्यक्ता अनुसार बस्ने छ।

ञ) गाउँ खेलकुद समितिको निर्देशनानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्ने छ।

ट) अनुशासनको कारबाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्ने छ। तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्कासन गर्न सक्ने छ।

ठ) अनुशासनको कारबाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका भने दिइने छ। तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि गाउँ खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुने छ।

ड) गाउँ खेलकुद समितिको निर्णयानुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिने छ।

## परिच्छेद –१२

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

५०. (क)अनुशासनको कारबाही, खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्ने छ।

(ख)कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेलप्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्ने छ। तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाइसकेका खेलाडी,

प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनैपनि खेलकुद, प्रशिक्षण,व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँ खेलकुद समितिले निलम्बन गर्न सक्ने छ।

५१. वर्षभरिका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट पुरस्कार तथा सम्मान गरिने छ।

## परिच्छेद - १३

## विविध

५२. यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ खेलकुद विकास समितिमा निहित रहने छ।

५३. गाउँपालिकाले आवश्यकताअनुसार यस कार्यविधिमा थपघट तथा परिमार्जन गर्न सक्नेछ।

आज्ञाले,<br>
शैलेश किरण राई चाम्लिङ<br>
प्रमुख प्रशासकीय अधिकृत